annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २६१ पृष्ठ ८ | काठमाडौं, शनिबार १२ माघ २०८१ | मार्ग कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४५ | SATURDAY, JANUARY 25, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# सुरुङले सुरक्षित सडक, मृत्युमार्ग बन्दैछ जीवनमार्ग

बुटवल र पाल्पाको सिमानाको कुहिरे भीरको चट्टानी पहिरोले कैयौं यात्रुहरूको अकालमा मृत्यु भयो । सडक सुरक्षित बनाउन रकनेट, रकसेट उपायहरू खोजिए । अन्ततः सुरुङ बनाउने भन्ने योजना अघि बढ्यो । धेरैले नपत्याएको सुरुङमार्गको मुख्य टनेल शुक्रबार वारपार भएपछि नियमित यो सडक प्रयोग गर्ने लुम्बिनी र गण्डकी प्रदेशवासी खुसीले गद्गद् भएका छन् । यो नेपाल सरकारकै बजेटबाट बनेको पहिलो सुरुङमार्ग हो ।

लक्ष्मण पोखरेल | *बुटवल*

– को रिपोर्ट

समाचार पृष्ठ २

शुक्रबार ब्रेक थ्रु भएको सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्डमा रहेको सुरुङमार्ग ।
● लक्ष्मण पोखरेल

## पेस भएको २ दिनमै मधेसको भाषा विधेयक फिर्ता



**मनिका झा** | *जनकपुरधाम*

मधेस प्रदेशसभामा प्रस्तुत गरिएको प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सरकारले फिर्ता लिएको छ। गत बुधबार शिक्षामन्त्री रानी शर्मा तिवारीले यो विधेयक सदनमा प्रस्तुत गरेकी थिइन्। व्यापक विरोध भएपछि उनले यो विधेयक शुक्रबार फिर्ता लिएकी हुन्।

उक्त विधेयकले मधेस प्रदेशको सम्पूर्ण मातृभाषाहरूलाई न्याय नगरेको र मात्रै पाँचवटा भाषालाई कामकाजको भाषा बनाउँदा त्यसले अन्य भाषाको अपमान हुने भन्दै प्रदेशसभा सदस्यहरूले विरोध तथा सदन नै अवरुद्ध गरेका थिए। प्रदेशसभाको बैठकमा सभामुख रामचन्द्र मण्डलले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त विधेयक फिर्तासम्बन्धी पत्र सदनमा पढेर सुनाएका थिए।

विधेयक फिर्ता लिँदै शिक्षा मन्त्री तिवारीले विधेयकमा छलफल नै नगरी यसरी विधेयकलाई फिर्ता लिन दबाब दिनु उचित नरहेको बताइन्। 'कुनै पनि विधेयक सदनमा प्रस्तुत भएपछि त्यसलाई परिपक्व हुन ७२ घण्टा लाग्छ तर, त्यो समयावधिसमेत नपुग्दै सदनमा विधेयक फिर्ता लिने माग हुन्छ। त्यसमाथि विधेयकमा छलफल नै नगरी फिर्ता गर्न लगाइएको हो यो उचित भएन जस्तो मलाई लाग्छ,' मन्त्री तिवारीले सदनमा आक्रोश पोखिन्।

सदनमा प्रस्तुत भएको भाषासम्बन्धी विधेयकमा प्रदेशको कामकाजको भाषाका रूपमा नेपाली भाषा बाहेक मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजी भाषालाई प्रस्तावित गरिएको थियो। तर, मधेस प्रदेशमा बोलिने अन्य थारूलगायत मातृभाषाहरूलाई कामकाजको भाषाको रूपमा प्रस्तावित नगरिएको भनी आरोप लगाउँदै सांसदहरूले विरोध गरेका थिए।

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेस प्रदेशमा जम्मा बोलिने भाषा ६२ वटा छन्। जसमध्ये सर्वाधिक बोलिने मातृभाषा मैथिली ४१.७३ प्रतिशत, दोस्रो भोजपुरी १८.८१ प्रतिशत, बज्जिका १८.४४ प्रतिशत, नेपाली ५.७६ प्रतिशत, थारू, ४.१७ प्रतिशत, उर्दु ४.०८, मगही, ३.५२, तामाङ १.६५ प्रतिशत बोलिन्छ। मधेस प्रदेश सरकारले प्रस्तावित गरेको कामकाजको भाषामध्ये हिन्दी भने यस प्रदेशमा ०.२३ प्रतिशत जनताले मात्रै बोल्छन् भने यो १०औं बोलिने भाषाको रूपमा प्रयोग भएको तथ्यांकले देखाउँछ। त्यसैगरी अंग्रेजी भाषा जम्मा ४५ जनाले मात्र कामकाजको भाषाका रूपमा प्रयोगमा ल्याएको तथ्यांक छ।

## सगरमाथा अनुमति शुल्क १५ हजार अमेरिकी डलर

**सुनिता कार्की** | *काठमाडौं*

विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण अनुमति शुल्क बढ्ने भएको छ। सरकारले आरोहण अनुमति शुल्क १५ हजार अमेरिकी डलर पुऱ्याउने निर्णय गरेको छ। यसअघि सरकारले सगरमाथा आरोहण अनुमति शुल्क ११ हजार अमेरिकी डलर लिँदै आएको थियो। पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ लाई संशोधन गर्दै सरकारले सगरमाथा आरोहण शुल्क बढाएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव रामकृष्ण लामिछानेले जानकारी दिए। मन्त्रिपरिषद्बाट पास भएको संशोधित नियमावली रायका लागि कानुन मन्त्रालय पठाइएको छ। यो चाँडै नै राजपत्रमा प्रकाशितपछि लागू हुने उनले जानकारी दिए।

बढेको शुल्क सन् २०२५ को सेप्टेम्बर १ अर्थात् २०८२ सालको भदौ १६ गतेबाट लागू हुने मन्त्रालयले जनाएको छ। बढाइएको शुल्क अनुसार विदेशी पर्यटकले अब वसन्त ऋतुमा सगरमाथाको नर्मल रुट दक्षिणपूर्वबाट आरोहण गरे १५ हजार डलर लाग्नेछ। त्यस्तै शरद ऋतुमा आरोहण गरे ७ हजार ५ सय डलर र शिशिर तथा वर्षा ऋतुमा ३ हजार ७ सय ५० डलर निर्धारण गरिएको छ। यसअघि शरद ऋतुमा ५५ सय डलर र शिशिर तथा वर्षा ऋतुमा २५ सय डलर लिने गरिन्थ्यो। सगरमाथाको दक्षिणपूर्वी रुटबाहेकको अन्य रुटमा आरोहण गर्ने हो भने वसन्त ऋतुको १० हजार डलर, शरद ऋतुको ५ हजार डलर र शिशिर र वर्षा ऋतुको २५ सय डलर अनुमति शुल्क यथावत् नै राखिएको छ।

सगरमाथासँगै अन्य हिमाल आरोहण अनुमति शुल्कमा पनि परिवर्तन गरिएको छ। विदेशीसँगै नेपाली पर्वतारोहीले तिर्ने अनुमति शुल्कमा पनि भारी वृद्धि गरिएको छ। सगरमाथाको नियमित रुटमा वसन्त ऋतु अनुमति शुल्क ७५ हजार रुपैयाँबाट १ लाख ५० हजार रुपैयाँ पुऱ्याइएको छ।

झन्डै एक दशकपछि सरकारले सगरमाथा आरोहण शुल्क बढाएको हो। सरकारले करिब ३६ प्रतिशतले अनुमति शुल्कमा वृद्धि गरेको छ। समसामयिक मागअनुसार सरकारले नियमावली संशोधन गरेर अनुमति शुल्क बढाएको मन्त्रालय प्रवक्ता लामिछानेले जानकारी दिए।

विश्वको सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६ मि.) को आरोहणका लागि प्रत्येक वर्ष आरोहीको संख्या करिब ५० प्रतिशतले बढ्ने गरेको पर्यटन विभाग बताउँछ। सगरमाथा आरोहीको संख्या बढेसँगै यसबाट आउने रोयल्टी पनि बढ्दै गएको छ। सगरमाथा आरोहणबाट मात्रै वार्षिक रूपमा सरदर पार्ने एक अर्ब रोयल्टी उठ्ने गरेको छ। आठ हजार मिटरभन्दा अग्ला विश्वमा १४ हिमाल रहेकोमा नेपालमा नै आठ वटा रहेका छन् भने नेपालमा भएका कुल हिमालको संख्या चार सयभन्दा बढी छ। नेपालमा पर्वतारोहण अनुमति शुल्क र विदेशी आरोहीको अन्य खर्चबाट हुने आम्दानी पर्यटन क्षेत्रको प्रमुख स्रोत हो।

### हिमाल आरोहण शुल्क (अमेरिकी डलरमा)

| क्र.सं | हिमालको नाम | वसन्त ऋतु | शरद ऋतु | शिशिर र वर्षा ऋतु |
|---|---|---|---|---|
| १. | सगरमाथा (दक्षिणपूर्वी धार) नर्मल रुट | १५,००० | ७,५०० | ३,७५० |
| २. | सगरमाथा दक्षिणपूर्वी धारबाहेक | १०,००० | ५,००० | २,५०० |
| ३. | सगरमाथाबाहेक ८ हजार मिटर र सोभन्दा बढी उचाइका हिमाल | ३,००० | १,५०० | ७५० |
| ४. | मनास्लु | १,५०० | ३,००० | १,५०० |
| ५. | ७,५०१ मिटरदेखि ८ हजार मिटरसम्म उचाइका हिमाल | १,००० | ५०० | २५० |
| ६. | ७,००१ मिटरदेखि ७,५०० मिटरसम्म उचाइका हिमाल | ८०० | ४०० | २०० |
| ७. | ६,५०१ मिटरदेखि ७ हजार मिटरसम्म उचाइका हिमाल | ५०० | २५० | २०० |
| ८. | आमादब्लम | १,००० | १,००० | ५०० |
| ९. | ६,५०० मिटर वा सोभन्दा कम उचाइका हिमाल | ३५० | १७५ | १७५ |



## रेल दुर्घटनामा एकै परिवारका ३ सहित ७ नेपालीको मृत्यु

**काठमाडौं** (अन्नपूर्ण) : भारतको महाराष्ट्रमा भएको रेल दुर्घटनामा सात नेपालीको मृत्यु भएको पुष्टि भएको छ। परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै यो दुर्घटनामा सात नेपालीले ज्यान गुमाएको जानकारी दिएको छ। कैलालीका २, अछामका ४ र बाँकेका १ जनाको मृत्यु भएको परराष्ट्रले जनाएको छ।

मृत्यु हुनेमा कैलालीका ४३ वर्षीया कमला नवीन भण्डारी र ४० वर्षीय लछिराम पासी छन्। त्यस्तै अछामका ११ वर्षीय हिमु नन्दराम विश्वकर्मा, ४४ वर्षीय नन्दराम पद्म विश्वकर्मा, ४२ वर्षीया मौसारा कामी विश्वकर्मा, ६० वर्षीया जोक्ला उर्फ कला कामी र बाँकेका ३२ वर्षीय राधेश्याम राधको रेल दुर्घटनामा मृत्यु भएको छ।

दुर्घटनामा ४ जना नेपाली घाइते भएका छन्। तीमध्ये ३ जनाको स्थानीय अस्पताल र गम्भीर घाइते भएका १ जनालाई जलगाउँको गोदावरी अस्पतालमा उपचार भइरहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ। भारतीय सञ्चारमाध्यमका अनुसार १३ जनाको मृत्यु भएको हो। उक्त रेल दुर्घटना बुधबार साँझ भएको हो।

रेलमा आगो लागेको हल्ला फैलिएपछि यात्रुहरू आत्तिएर रेलको डिब्बाबाट धमाधम अर्को लिकमा हाम फाल्न थालेका थिए। यसैबीच सोही लिक भएर बेंगलुरुबाट नयाँदिल्लीका लागि १२६२७ नम्बरको कर्नाटक एक्सप्रेस रेल हुइँकिएर आउँदै थियो। त्यही बीचमा हामफाल्दा यात्रुहरू किचिएर मृत्यु भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। दुर्घटनामा मृत्यु भएका नेपालीहरूको शव नेपाल ल्याउनका लागि र घाइतेहरूको शीघ्र उपचारका लागि नेपाल सरकारले काठमाडौंस्थित भारतीय दूतावासमार्फत भारतलाई आग्रह गरेको छ।

